**Shabda Sadhana** **ISSN No: 2661-619X**
**शब्दसाधना वर्ष ७, अङ्क १ : २१ -३४, कार्तिक २०८१, (November 2024)**

# फुटपाथ मिनिस्टर्स कथामा समाजशास्त्र

**प्रेमप्रसाद तिवारी**
त्रि.वि., बुटवल बहुमुखी क्याम्पस
Orcid ID : https://orcid.org/0009-0007-4433-7501

**लेखसार**

प्रस्तुत लेखमा रमेश विकलद्वारा लिखित 'फुटपाथ मिनिस्टर्स' कथामा चित्रित समाजिक अवस्थाको विश्लेषण गरिएको छ । यस लेखमा 'फुटपाथ मिनिस्टर्स' कथालाई प्राथमिक स्रोतको सामग्रीका रुपमा लिइएको छ भने समाजशास्त्रको सिद्धान्त निर्माणका क्रममा उपयोग गरिएका सामग्री द्वितीयक स्रोतका रुपमा रहेका छन् । यो लेखका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यस लेखमा 'फुटपाथ मिनिस्टर्स' कथामा आएको क्षण, युग र पर्यावरणको अध्ययन गरिएको छ। यस लेखमा तल्लो वर्गका र आफ्नो कुनै पनि परिचय नभएका प्रजाति आएको कुरा उल्लेख गरिएको छ। कथामा गोरे, जघने, टिकी, भोटे, चिम्से, पोटे, घैंटे, घर्ती साहिँलो, माग्दा पैसा दिने व्यक्ति, होटलको साहु, बाटामा ठाँटिएर हिँडेका युवायुवतीहरू प्रजाति बनेर आएका छन् भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । कथामा २००७ सालभन्दा पछाडिको समयमा देखिएको काठमाडौँको अवस्थालाई क्षणका रूपमा प्रस्तुत गरिएको छ भन्ने कुरा यस लेखमा आएको छ। कथामा रानीपोखरी, त्यस आसपासको सडक, सडक बालबालिका बस्ने पर्खालभित्रको सेतो घरको दलान आदि स्थान पर्यावरणका रूपमा आएका छन् भन्ने कुरा यस लेखमा देखाएइको छ। क्षण, प्रजाति तथा पर्यावरणका आधारमा सडक बालबालिकाले भोग्नुपरेको कारुणिक अवस्था देखाइएको विषयलाई लेखको निष्कर्ष बनाइएको छ।

**शब्दकुञ्जी** : क्षण, प्रजाति, पर्यावरण, समाज, विसङ्गति

## विषयपरिचय

रमेश विकल ( १९८५ ) नेपाली साहित्यका प्रगतिवादी धारा प्रारम्भ गर्ने कथाकार हुन् । २००६ सालमा 'गरिब' कथा प्रकाशित गरी आफ्नो कथायात्रा सुरु गरेका रमेश विकल प्रगतिवादी कित्ताका कथाकार हुन् । उनका विरानो देशमा (२०१६), नयाँ सडकको गीत (२०१९), आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४), एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा (२०२५), उर्मिला भाउजू ( २०४३), शव शालिक र सहस बुद्ध (२०४३) जस्ता कृति प्रकाशित भएका छन् । उनले 'मदन पुरस्कार' (२०१८) र 'महेन्द्र प्रज्ञा पुरस्कार' (२०३८) प्राप्त गरेका छन् । विकलका कथामा नेपाली ग्रामीण समाज अनि सहरिया जीवनका विभिन्न वर्गका सामाजिक तथा आर्थिक समस्या, राजनीतिक विसङ्गति, शोषण, अन्याय, अत्याचार, नारीवर्गले भोग्नुपरेका दुःखकष्ट विषयवस्तुका रूपमा आएका हुन्छन् । रमेश विकलले समाजमा विद्यमान शोषण, अन्याय, अत्याचारको चित्रण गर्दै शोषक वर्गको दुराचार र स्वार्थी प्रवृत्तिको विरोध गरेर शोषित वर्गप्रति सहानुभूति प्रकट गरेका

छन् । शोषण र उत्पीडनका विरुद्ध आवाज बुलन्द पार्ने विकलका कथामा प्रगतिवादी चेतना प्रबल रूपमा प्रकट भएको पाइन्छ । विकलका कथाहरूमा मनोवैज्ञानिक यथार्थको चित्रण पनि पाइन्छ । विकलले यौन कुण्ठाबाट पिल्सिएका चरित्रहरूको मनोलोकको चित्रण गर्नुका साथै बाल मनोविज्ञान तथा समाज मनोविज्ञानसँग सम्बन्धित कथा रचना गरेका छन् । नेपाली समाजमा विद्यमान आर्थिक समस्या, यौनका विकृत रूप, आपराधिक मनोवृत्ति, निम्न वर्गका जटिलता, विकृति, विसङ्गति, असमानता, अन्धविश्वास जस्ता विषयलाई कथात्मक बान्की दिने काम गरेका छन् । उनका कथामा मुख्यतः काठमाडौँ र वरिपरिका सहरिया तथा अंशतः ग्रामीण परिवेशको प्रस्तुति पाइन्छ । समाजशास्त्रले लेखक, कृति तथा पाठकलाई समाजकै अभिन्न अङ्गका रूपमा स्वीकार गर्दै कृतिको सामाजिकताको अध्ययन गर्छ । विशेषगरी ‘फुटपाथ मिनिस्टर्स’ कथामा प्रजाति, क्षण र पर्यावरणको केकस्तो उपस्थिति रहेको छ भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित भई यिनै पक्षको विश्लेषण गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययन सोद्देश्यमूलक छनोटमा आधारित रहेको छ । यस लेखमा रमेश विकलद्वारा लिखित ‘फुटपाथ मिनिस्टर्स’ कथालाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने समाजशास्त्रको सिद्धान्त निर्माण तथा ‘फुटपाथ मिनिस्टर्स’ कथाका बारेमा गरिएका विश्लेषणलाई द्वितीयक स्रोतका सामग्री मानिएको छ । यी दुवै सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा ‘फुटपाथ मिनिस्टर्स’ कथाको विश्लेषणका लागि समाजशास्त्रको सिद्धान्त उपयोग गरिएको छ । यस लेखमा समाजशास्त्रीय विश्लेषणका आधार बनेका प्रजाति, क्षण र पर्यावरणका आधारमा सामग्रीको विश्लेषण गरी अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

मानिस समाजमा बस्ने तथा आफ्ना क्रियाकलाप समाजमा नै सञ्चालन गर्ने भएकाले सामाजिक प्राणी हो । समाजले मानिसको सामूहिक अस्तित्व बुझाएको हुन्छ भने समाजमा बस्ने मानिसले जीवन यापनका क्रममा गर्ने आर्थिक, नैतिक, सामाजिक, भौतिक आदि पक्ष पनि सामाजिक क्रियाकलापका रूपमा नै परिचित भएका हुन्छन् । समाजमा रहेका विभिन्न पक्षका बिचमा अन्तर्सम्बन्ध रहेको हुन्छ र यी प्रत्येक एकाइको समुचित तथा सुगठित सम्बन्धमा समाज अनुबन्धित पनि भएको हुन्छ । मानिसको समाजसँगको सम्बन्ध तथा समाजको विकासका लागि मानिसले खेलेको भूमिका तथा सामाजिक सम्बन्धमा बाँधिएका सामाजिक पक्षका बिचको सम्बन्धका बारेमा गरिने अध्ययनलाई नै समाजशास्त्रीय अध्ययन भनिन्छ । मानिसले समाजलाई व्यवस्थित बनाउनका लागि निर्माण गरेका सामाजिक सम्बन्धका बारेमा विश्लेषण गरी समाजको वास्तविक अवस्थाका बारेमा अध्ययन गर्नु नै समाजशास्त्रीय अध्ययनको मूल उद्देश्य रहेको पाइन्छ ।

समाजशास्त्रलाई एउटा सैद्धान्तिक अवधारणाका रूपमा उपयोगमा ल्याउने भाववादी दार्शनिक अगस्त कोम्ते हुन् र उनले ल्याटिन भाषाको सोसाइटस अनि लोगोस शब्दलाई एकीकृत गरी

सोसियोलोजी शब्दको निर्माण गरेका हुन् । यी दुई शब्दमध्ये सोसाइटस शब्दले समाज भन्ने अर्थ बुझाएको हुन्छ भने लोगस शब्दले विज्ञान भन्ने अर्थ बुझाउँछ र यी दुवै शब्दको समिश्रणबाट निर्मित सोसियोलोजी शब्दले नेपाली भाषामा समाजशास्त्र भन्ने अर्थ बुझाउँछ । समाजको आर्थिक अवस्था, समाजको धार्मिक अवस्था, समाजको राजनीतिक अवस्था, समाजको शैक्षिक अवस्था, समाजको भाषिक तथा जातीय अवस्था, समाजको साहित्यिक अवस्था आदि सबै पक्षको एकीकृत सम्बन्ध समाजसँग नै रहेको हुन्छ र यी सबैलाई समाजकै एक पक्षका रूपमा स्वीकार गरी अध्ययन अनुसन्धान गर्ने कार्य समाजशास्त्रले गर्छ । यसैले समाजका प्रत्येक पक्षसँग समाजशास्त्रको अत्यन्तै नजिकको सुगठित सम्बन्ध रहन्छ ।

व्यक्ति समाजको एउटा अङ्ग हो र उसले समाजबाट प्राप्त गरेको जेजति उपलब्धि छ त्यो सबै सामाजिक वस्तु नै हो । कुनै पनि साहित्यिक कृतिका सर्जकको मनोरचना पनि समाजबाट नै निर्मित भएको हुन्छ र लेखकको समाजिक भोगाइको अभिव्यक्ति कुनै पनि साहित्यिक कृतिमा भएको हुन्छ । यसका आधारमा लेखक तथा कृति दुवै सामाजिक संरचनाका उपज मात्र होइनन् समाजकै व्याख्याता र व्याख्या हुन् । त्यसैले समाजशास्त्रद्वारा नै समाजको वास्तविक र वैज्ञानिक अध्ययन सम्भव छ (सचदेव, सन् १९७९, पृ.३०) । समाजशास्त्रका आधारमा नै समाजका सम्पूर्ण गतिविधिको वैज्ञानिक र व्यवस्थित अध्ययन सम्भव छ ।

समाजशास्त्रले साहित्य र समाजका बिचको सम्बन्धको व्याख्या गर्छ । साहित्यकार, साहित्यिक कृति तथा साहित्यिक कृतिले पारेको सामाजिक प्रभावको विश्लेषण समाजशास्त्रले गर्छ । साहित्यिक रचना एक सामाजिक कर्म हो, कृति एक समाजिक उत्पादन हो र साहित्यले समाजको ज्ञान प्रसार गरेको हुन्छ । समाजसित साहित्यको सम्बन्ध बुझ्नका लागि व्यक्तित्वको ठोस ऐतिहासिक सम्बन्धको ज्ञान आवश्यक हुन्छ (पाण्डेय, सन् १९८९, पृ.१३) । समाज र साहित्यका बिचमा अत्यन्तै नजिकको सम्बन्ध रहेको हुन्छ  त्यसकारण समाजको चित्रण नभएको साहित्यको परिकल्पना सम्भव छैन । साहित्यको समाजशास्त्र साहित्य र समाजको अन्वयबाट निर्मित भएको हुन्छ (गुप्ता, सन् १९८२, पृ.६०) । साहित्यमा समाजको जीवन विशेषरूपमा अभिव्यक्त भएको हुन्छ । समाजशास्त्रीहरू नजन्मिएको समयमा पनि साहित्यकारले नै समाजशास्त्रीको काम गरेका थिए (गौतम, २०५०, पृ.३६) । त्यसैले साहित्य समाजशास्त्र हो भने साहित्यकार समाजशास्त्री हुन् । साहित्यको समाजशास्त्रीय विश्लेषणले रूप र मूल्यलाई भन्दा कृतिमा अन्तर्निहित समाजको विश्लेषण र व्याख्यालाई विशेष महत्त्व दिन्छ (त्रिपाठी, २०३६, पृ.१५२) । समाजशास्त्रीय अध्ययनमा कृतिमा कसरी भनिएको छ भन्ने कुरालाई भन्दा पनि के भनिएको छ भन्ने कुरालाई विशेष जोड दिइन्छ ।

सामाजिक सन्दर्भका आधारमा कृतिको विश्लेषण गरिने भएकाले समाजशास्त्रीय अध्ययनमा कृतिमा चित्रित समाजको खोजी गरिन्छ । साहित्यमा आएका देश, काल, वातावरण, संस्कृति, परम्परा तथा समग्र परिवेशको कलात्मक प्रस्तुति रहन्छ (त्रिपाठी, २०३६, पृ.५६५) । यिनै पक्षलाई केलाउनु नै समाजशास्त्रीय अध्ययन हो । हिप्पोलिट टेनका विचारमा साहित्य कृति प्रजाति, क्षण र पर्यावरणबाट संरचित  हुन्छ र यीमध्ये पनि प्रजातिको विशेष भूमिका रहेको हुन्छ (पाण्डेय, सन् १९८९, पृ.१२४) । समाजशास्त्रीय अध्ययनका लागि जाति, क्षण र पर्यावरणको खोजी नै महत्त्वपूर्ण

मानिन्छ । कृतिमा सांस्कृतिक पक्षको उपस्थिति रहने भएकाले समाजशास्त्रीय अध्ययनका लागि सांस्कृतिक पक्षको खोजी पनि आवश्यक मानिन्छ । एकै ठाउँमा बसेका मानिसको चिन्तनमा पनि भिन्नता आएको हुन सक्छ भने कतै कतै लामो दुरीमा रहेका मानिसका सोचाइ तथा चिन्तनमा पनि समानता पाइन्छ । यस्तो विचारलाई विश्वदृष्टि मानिन्छ (घिमिरे, २०५८, पृ.५७) । समाजशास्त्रीय अध्ययनका लागि मूलभूत रूपमा प्रजाति, क्षण र पर्यावरणलाई आधार बनाउन सकिन्छ ।

**प्रजाति**

समाजशास्त्रीय अध्ययनका महत्त्वपूर्ण आधारका रूपमा प्रजाति रहेको हुन्छ । प्रजातिसम्बन्धी सिद्धान्तको स्थापना हिप्पोलिट टेनले गरेका हुन् । प्रजातिमा व्यक्तिको आनुवंशिक गुण, मनसिकता, शारीरिक बनावट, वेशभूषा, भाषा, वर्ण, खानपान, जलवायु, ऐतिहासिक अवस्था आदिका बारेमा अध्ययन गरिन्छ । प्रजातिमा रहेका विशेष अभिलक्षणका आधारमा कृतिमा उपस्थित जातिका विषयमा अध्ययन गर्न सकिन्छ । प्रजातिको अध्ययन गर्ने क्रममा मूलतः कुनै जातिको आनुवंशिक गुण वा विशेषतालाई मुख्य आधार बनाइन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक ऐतिहासिक परम्परा कलागत मूल्य र जीवनको आदर्श हुन्छ । कुनै पनि साहित्यिक कृतिमा जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छ । यसैले गर्दा एक जातिको साहित्य अर्को जातिको साहित्य भन्दा फरक रहन गएको हुन्छ (शर्मा र लुइटेल, २०६२, पृ. १२९) । समाजमा रहेका विभिन्न प्रजातिका छाप कृतिमा कुनै न कुनै किसिमबाट आएकै हुन्छन् । कुनै प्रजातिको चरित्रगत विशेषता जलवायु, भूगोल र इतिहासका महान् घटनाहरूको परिणाम स्वरूप विकसित हुन्छ । चरित्रको विशिष्ट विशेषता प्रजातिको विशिष्ट चेतना र सौन्दर्यानुभूतिमा प्रकट हुन्छ (श्रेष्ठ, २०७१, पृ. ७२) । यसमा तिनै प्रजातिको अवस्था, चेतनाको स्तर, शैक्षिक अवस्था, आर्थिक अवस्था आदिका बारेमा खोजी गर्ने कार्य गरिन्छ । कुनै पनि सहित्यिक कृति कुनै समयका जातिहरूको बिम्ब तथा आवरणसरह हुन्छ (पाण्डेय, सन् १९८९, पृ. १२६ ) । त्यसैले प्रजातिको अध्ययनबाट कृतिमा रहेका पात्रको अवस्था पहिचान गर्न सकिन्छ ।

**क्षण**

कुनै कृतिको समाजशास्त्रीय अध्ययन गर्ने अर्को आधारका रूपमा क्षण रहेको छ । क्षणले कृति लेख्दाको समयलाई बुझाएको हुन्छ । सामाजिक जीवन भोगाइका आधारमा साहित्यकारको चेतनाको निर्माण हुन्छ । साहित्यकारले त्यही समाजमा भोगेका विभिन्न अनुभवलाई आफ्ना रचनामा प्रस्तुत गरेको हुन्छ । साहित्यकारले भोगेको युगको उपस्थिति कृतिमा रहेको हुन्छ र युगका आधारमा कृति विश्लेषण गर्ने काम क्षणमा गरिन्छ । साहित्य विश्लेषणका निम्ति टेनद्वारा प्रतिपादित मान्यता क्षणसम्बन्धी अवधारणा हो । उनले क्षणसम्बन्धी अवधारणाका लागि 'मिल्यु' शब्दको प्रयोग गरेका छन् (श्रेष्ठ, २०७१, पृ. ७४) । उनले क्षण शब्दलाई काल, युग विशेष र युग चेतनाको अर्थमा प्रयोग गरेका छन् । टेनका अनुसार कुनै एक युगमा कुनै विचार प्रधान हुन्छ

जसले समाजको चिन्तनलाई प्रभावित गर्दछ (लरेन्सन र सिङउड, सन् १९७२, पृ. ३४) ।साहित्यिक कृति युगीन यथार्थको उपज हो र कृतिमा आएको समय वा क्षणले सङ्केत गरेको सन्दर्भको खोजी नै समाजशास्त्रीय अध्ययनको उद्देश्य बनेको हुन्छ भन्दै समयले कृतिमा पारेको प्रभावको अध्ययन विश्लेषण गर्ने कार्य समाजशास्त्रीय अध्ययनमा गरिन्छ । जुन लेखकले आफ्नो राष्ट्र र युगको समग्र जीवन पद्धतिको भावनालाई समेट्न सक्छ, त्यो लेखक त्यो देश र समयको केन्द्रविन्दु हो (पाण्डेय, सन् १९८९, पृ.१२८) । लेखकका रचनामा युग अभिव्यक्त भएको हुन्छ र त्यही युग नै क्षणका रूपमा आएको हुन्छ ।

**पर्यावरण**

साहित्यको समाजशास्त्रीय अध्ययनका लागि आवश्यक अर्को महत्वपूर्ण आधारका रूपमा पर्यावरण रहेको छ । पर्यावरणले सामाजिक परिवेश, जलवायुको अवस्था, भौगोलिक संरचना आदिलाई बुझाएको हुन्छ । मानिसका बौद्धिक, आर्थिक, सामाजिक आदि गतिविधिको विकासका लागि पर्यावरणले भूमिका खेलेको हुन्छ । कुनै पनि साहित्यकारले जन्मेदेखि नै आफ्नो वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गरेको हुन्छ । यिनै ग्रहण गरेका प्रभावहरू पछि उसका साहित्यिक अभिव्यक्तिका क्रियाशील हुन्छन् र यिनको परिचालनबाट उसले साहित्य साधना गरेको हुन्छ भन्ने मत रहेको छ (शर्मा र  लुइटेल, २०६रु पृ. १२९) । मानिस प्रकृतिकै अभिन्न अङ्गका रूपमा रहेको हुन्छ अनि प्रकृतिको प्रभाव मानिसको जीवनमा प्रत्यक्ष रूपमा परेको हुन्छ । समाजमा मान्छे एक्लो हुँदैन बरु ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चौतर्फी घेराबन्दीमा रहेको हुन्छ (क्षेत्री, २०६४, पृ. २४) ।  यसैका आधारमा मानिसको मनोसंरचना निर्माण भएको हुन्छ र त्यसैको अभिव्यक्ति कृतिमा पनि रहन्छ भन्दै पर्यावरणका आधारमा कृति समीक्षा गर्ने कार्य समाजशास्त्रीय अध्ययनमा गरिन्छ । माथि समीक्षा गरिएका यिनै पक्षका आधारमा रमेश विकलद्वारा लिखित 'फुटपाथ मिनिस्टर्स' कथाको विश्लेषण गर्ने कार्य यस लेखमा गरिएको छ ।

**छलफल र परिणम**

कथाकार रमेश विकलद्वारा सिर्जित 'फुटपाथ मिनिस्टर्स' कथायात्राको दोस्रो चरणका उल्लेख्य कथामध्ये एक हो । सामाजिक र आर्थिक संरचनालाई कथाको तन्तुका रूपमा स्वीकार गरी प्रस्तुत कथाले सडकमा जीवनयापन गरिरहेका तमाम नेपाली सडक बालबालिकाको चारित्रिक यथार्थलाई चित्रवत् रूपमा उतारेको छ । सामाजिक संरचनाले समेट्न नसकेको सडकलाई आफ्नो क्रीडाभूमिका रूपमा लिएर जीवनरूपी खेल खेलिरहेका बालबालिकाको जीवनप्रतिको विचारशील अवस्थालाई यस कथाको पृष्टभूमि बनाइएको छ । उचित अभिभावकत्वको अभावले गर्दा बालकले फूल जस्तो सुन्दर जीवनलाई नारकीय सङ्घारमा धकेल्नुपरेको समसामायिक यथार्थ पनि यस कथाको पृष्ठभूमि हो । आफ्नो अहम् स्थापनाका लागि बालकहरूबाट गरिएको प्रयत्न र बालप्रेम पनि यस कथामा कलात्मक रूपमा चित्रित भएको छ ।

**'फुटपाथ मिनिस्टर्स' कथामा प्रजाति**

प्रस्तुत 'फुटपाथ मिनिस्टर्स' कथामा समाजको यथार्थको प्रतिनिधित्व गर्ने वर्गीय चरित्रको उपयोग गरिएको छ । यस कथामा आएका पात्रहरू तल्लो वर्गका र आफ्नो कुनै पनि परिचय नभएका प्रजातिका रूपमा रहेका छन् । यस कथामा गोरे, जघने, टिकी, भोटे, चिम्से, पोटे, घैंटे, घर्ती साहिँलो, माग्दा पैसा दिने व्यक्ति, होटलको साहु, बाटामा ठाँटिएर हिँडेका युवायुवतीहरू पात्रका रूपमा आएका छन् । कथामा आएका यी पात्रहरूमध्ये धेरैको जाति उल्लेख गरिएको छैन र यस कथामा आएका धेरै पात्र सडक बालबालिका रहेका छन् । यिनीहरूको घरवास तथा मातापिता मात्र होइन जातिका बारेमा कुनै जानकारी यस कथामा दिइएको छैन । यी पात्र समाजबाट उपेक्षित तथा समाजले समेत तिरस्कार गरेका व्यक्ति हुन् ।

गोरे फुटपाथ मिनिस्टर्स' कथाको प्रमुख पुरुष पात्र हो । सानै उमेरमा मातृवात्सल्यबाट वञ्चित गोरे पितृवियोगमा परी एक्लिएको टुहुरो बालक हो । घर्ती साहिँलाले भुक्याएर सहरमा ल्याएर छाडेको गोरे एक्लो तथा गन्तव्यविहीन जीवन बिताउन बाध्य प्रजातिका रूपमा आएको छ । यस पात्रका माध्यमबाट उपेक्षित जीवन बिताउन विवश सडक बालबालिकाको अवस्थालाई स्पष्ट पारिएको छ । कथामा मुख्य पात्रका रूपमा आएको गोरेको परिचय कथामा यसरी दिइएको छ :

> एघारबाह्र वर्षको गोरेले यो फराकिलो संसारको विचित्र कोलाहलको माभmमा एकदिन आफूलाई बिल्कुलै असहाय र एक्लो उभिएको पाएथ्यो । उसकी आमा त धेरै अघि कैले हो मरिसकेकी थिइन्, एकदिन बाबु पनि अचानक मरिदिएछन् । अनि न जालभ्mेल र प्रपञ्चद्वारा लखेटिएको गोरे गाउँ छोडेर सहर पस्यो, एकदिन रनभुल्लमा परेर रानीपोखरीको डिलको फुटपाटमा उभिन पुगेथ्यो । (नेपाली कथा भाग २, पृ.९७)

माथिको 'फुटपाथ मिनिस्टर्स' कथाको प्रारम्भमा नै कथाकारले गरिब असहाय बालकलाई रानीपोखरीको नजिककै उभ्याएर निम्न वर्गीय व्यक्तिलाई प्रजातिका रूपमा चित्रण गरेका छन् । कसैको छलछाम वा बाबुआमा मरेपछि साहुले लखेटेका कारण सहरमा पुगेको गोरे गरिब तथा अभिभावक नभएका र आफ्नो कुनै पहिचान नै नभएका प्रजातिको प्रतिनिधिका रूपमा कथामा उपस्थित भएको छ । गोरे सडकमा रहेका सडक बालकहरूको समूह देखेपछि त्यही समूहमा गएर मिसिन्छ । सडक बाबालिकाको समूहको नाइके जघनेसँग भिडेर उसको समूहमा रहेकी केटी टिकीलाई आफ्नो पक्षमा ल्याउन मात्र गोरे सफल भएको छैन अपितु लामो समयदेखि आफूलाई फुटपाथको मिनिस्टर्स नै ठान्ने जघनेलाई कब्जामा राख्न पनि सफल भएको छ । यहाँ गोरे र टिकीको एकअर्काप्रतिको आकर्षणबाट सडक बालबालिकामा रहेको रतिरागात्मक भावना र विपरीत लिङ्गीप्रति हुने आकर्षण मानवीय स्वभाव भएको कुरा देखाइएको छ र एउटै वर्ग वा प्रजातिमा पनि शक्ति स्थापनाका लागि हुने शक्तिसङ्घर्षलाई यस कथामा स्पष्ट पारिएको छ । कथामा आएका एउटै प्रजातिका गोरे र जघनेले आफ्नो शक्ति स्थापनाका लागि सडकमा गरेका क्रियाकलाप तथा एकअर्काप्रति देखाएको वितृष्णा मनोवैज्ञानिक समस्याका रूपमा आएको छ ।

'फुटपाथ मिनिस्टर्स' कथामा जघनेले होटलमा जागिर खाएर ठाँटिलो जीवन बिताएको देखेर गोरेमा ईर्ष्याको भाव उत्पन्न भएको छ भने आफ्नै समूह वा प्रजातिमा रहेको जघनेको प्रगतिलाई गोरेले

सजिलै स्वीकार गरेको छैन बरु आफू पनि ऊ जस्तै बन्ने प्रतिशोधी विचार बोकेको छ । गोरे आफू मातृपितृवात्सल्यबाट वञ्चित भए पनि टिकीलाई वात्सल्यपूर्ण जीवन दिन चाहन्छ तर टिकीको अस्थिर र स्वार्थी विचारका बारेमा गोरे अनविज्ञ नै रहन्छ । कथाकारले गोरेलाई सडकको मिनिस्टरका रूपमा उभ्याएका छन् । गोरे आर्थिक अवस्था कमजोर भई सडकमा मगन्ते भई जीवनयापन गर्ने निम्नवर्गीय नेपाली प्रजातिका बालबालिकाको प्रतिनिधिका रूपमा आएको छ । सानैमा बाबुआमा गुमाउनु, सडकमा एक्लो जीवन बिताउनु, आफूले मन पराएकी टिकीलाई आफ्नो बनाउन नसक्नुले गोरेको जीवन कारुणिक बन्न पुगेको छ । आफ्नी बाल साथी टिकीका चाहनाहरू पूरा गर्न आएको गोरे उसलाई भेट्न नसकी चप र समोसाका टुक्रा खसाल्दै सडकमा हिँडेको दृश्य निकै मर्मस्पर्शी देखिन्छ । यस कथामा आएको गोरे प्रमुख पात्रका रूपमा देखापरेको छ । स्पष्ट प्रजाति किटान नभएको भए पनि सडकमा जीवन बिताउन बाध्य तमाम सडक बालकको प्रतिनिधिका रूपमा यस कथामा उपस्थित गोरेका माध्यमबाट अधिकांश सडक बालकको अवस्था स्पष्ट पारिएको छ ।

> “ए दाइ, छोडिदेऊ बिन्ती छ । अबदेखि त्यसो गर्दैन ।”- डफ्फाकी केटी टिकीले अगाडि आएर नम्र स्वरमा गोरेसँग अनुनय गरी । गोरेले केटीतिर हेऱ्यो । उसको अनुहार बान्की परेको कमलो थियो - मायालाग्दो थियो । आँखा पनि बडा बडा राम्रा थिए । गोरेलाई उसका आँखा पनि राम्रा लागे अनि स्वर पनि मिठो लाग्यो । उसले बिस्तारै जघनेको हात छोडिदियो । (नेपाली कथा भाग २, पृ.९९)

‘फुटपाथ मिनिस्टर्स’ कथाको माथिको कथांशमा सडकलाई आफ्नो जीवनको आधार बनाएर जीवन बिताउँदै आएकी टिकीको परिचय दिइएको छ । एकातिर कथाको प्रमुख पात्रका रूपमा आएको गोरे र टिकीका बिचको बाल आकर्षणलाई देखाइएको छ भने अर्कातिर सडक बालिकाको प्रतिनिधि प्रजातिका रूपमा टिकीलाई चिनाइएको छ । यस कथामा आएकी टिकी नामक पात्र पनि सडकमा जीवन बिताउने नारीको प्रतिनिधि प्रजातिका रूपमा रहेकी छ । टिकीका बाबाआमा तथा घरपरिवारका बारेमा कथा पूर्ण रूपमा मौन नै रहेको छ । अभिभावकको अभावमा जीवन चलाउनका लागि सडकमा मागेर जीवनयापन गर्ने बालबालिकाको प्रतिनिधित्व टिकीले गरेकी छ । उसको पारिवारिक पृष्ठभूमिका बारेमा कुनै सङ्केत नगरिएकाले ऊ नाजायज सन्तानका रूपमा देखिएकी छ । ऊ सडकलाई नै कोर्को बनाएर हुर्केकी पात्र हो र गोरे नआउँदासम्म जघने अनि उसका साथीहरूसँग रहेकी टिकी गोरेलाई देखेपछि उसप्रति आकर्षित हुन्छे । गोरेप्रतिको आफ्नो प्रेमलाई प्रदर्शन गर्ने क्रममा टिकी पहिलो रातमै गोरसँग सुत्न पुग्छे र जघनेका कर्तुतका बारेमा गोरेलाई भन्छे । जघनेबाट मुक्ति पाउनका लागि गोरेलाई अँगाल्न पुग्छे र क्रमशः गोरेलाई माया गर्न थाल्छे । सडकमा ठाँटिएर हिँडेका युवायुवतीलाई देखेर आफू पनि त्यस्तै भएर हिँड्न चाहने टिकी भौतिक वस्तुप्रति आकर्षित हुन्छे । गोरेलाई माया गरे पनि जघने होटेलमा काम गरेर आएपछि उसैप्रति आकर्षित हुने परिवर्तनशील पात्रका रूपमा टिकी देखापर्छे । गोरेलाई छोडेर जघनेकै पछि लागेर जाने टिकीमा स्वार्थी विचार प्रबल देखिए पनि अभावको जीवनलाई सुखी र स्थायित्व प्रदान गर्ने मनोवृत्तिको प्रभाव पनि दखिन्छ । टिकी सडक बालिकाको प्रतिनिधित्व गर्ने आफन्त नै नभएका र कष्टकर जीवन बिताउन बाध्य प्रजाति बनेर कथामा उपस्थित भएकी छ ।

> "हेर्न देन त जघने, के गर्छ त हेरेर !" - उनीहरूको साथी केटीले सम्झौता गराउन खोजी । तर त्यो उद्दण्ड केटो उग्र भइसकेको थियो । "छोड् टिकी, त्यो साले त बडो बढेको रैछ ।" - उसले एकदम झम्टेर गोरेको कठालोमा समात्न खोज्यो । (नेपाली कथा भाग २, पृ.९८)

माथिको कथांश 'फुटपाथ मिनिस्टर्स' कथाको अर्को प्रजातिका रूपमा आएको जघनेको चरित्रलाई स्पष्ट पारिएको छ । कथामा अत्यन्तै उद्दण्ड स्वभावको व्यक्ति बनेर आएको जघने सडकलाई आफ्नो कब्जामा राख्न चाहने घमण्डी स्वभावका बालकको प्रतिनिधित्व गर्ने प्रजाति हो । यस कथामा आएको जघने पनि सडकमा जीवन बिताउन बाध्य सडक बालकको प्रतिनिधि प्रजातिका रूपमा उपस्थित भएको छ । आफ्ना आमाबाबुबाट उचित संस्कार नपाएको जघने सडकमा बस्ने सबै बालकलाई आफ्नो अधीनमा राख्न चाहने घमण्डी पात्र हो । कुन वर्ग र कुन जात भन्ने स्पष्ट पहिचान नभएको जघने पनि सडक बालककै प्रतिनिधि प्रजातिका रूपमा उपस्थित भएको छ । जघनेको उद्दण्ड व्यवहारका कारण आफ्नै समूहका साथीले समेत विश्वास गरेका छैनन् । आफ्नो समूहका साथीलाई समेत रिझाउन नसकेको जघने गोरेको प्रतिस्पर्धी पात्रका रूपमा आएको छ । घमण्डी, उद्दण्ड क्रोधी, अविवेकी पात्र जघने गोरेका कारण सही मार्गमा लाग्न पुग्छ । गोरेसँग पराजित भएपछि आफ्नी मायालु टिकीलाई समेत गुमाउन पुगेको जघने एकाएक सत् बाटामा लागेको छ । गोरेको व्यवहारका कारण समूहबाट एक्लिन पुगेको जघने बथानबाट अलग भएको बाँदरको छाउरो जस्तो निरीह र विवश देखिन्छ । सुरुमा उद्दण्ड र क्रोधी असत् पात्रका रूपमा देखिए पनि यस कथाको अन्तमा आएर ऊ सत् पात्रका रूपमा परिणत भएको छ । सामाजिक आर्थिक विषमताका कारण सडक बालकको जीवन बिताउन विवश प्रजातिको प्रतिनिधित्व जघनेले गरेको छ ।

> "केको दाजु त्यो मोरो माग्ने । मेरो त दाजु छैन; बाआमा पनि छैन, मरिसक्यो । मेरो कोही पनि छैन । घैंटे, कप्तान, चिप्रे पनि कोही होइन ।" टिकी बडो मायालाग्दो स्वरमा भनिरहेकी थिई । - "त्यो जघने मोरो त साह्रै बदमाश छ, मागेको पैसा पनि लुट्छ, चिप्रे, भोटेहरूले मागेको पनि लुटेर लिन्छ । म जहाँ गए पनि लखेटिरहन्छ - उसकै स्वास्नी जस्तो । (नेपाली कथा भाग २, पृ.१००)

'फुटपाथ मिनिस्टर्स' कथाको माथि आएको कथांशले एकातिर जघनेको निर्दयी चरित्रलाई चिनाएको छ भने अर्कातर्फ कथामा घैंटे, कप्तान, चिप्रे, भोटे जस्ता प्रजाति पनि रहेका छन् भन्ने कुरा स्पष्ट पारिएको छ । यस कथामा आएको घर्ती साहिँलो गाउँका सोझासाझा आमाबुबा नभएका केटाकेटीलाई सडकमा ल्याएर सडक बालक बनाउने स्वार्थी पात्रका रूपमा आएको छ । कथामा आएका पोटे, चिम्से, घैंटे जस्ता सडक बालकका माध्यमबाट कथाकारले सडकमा रहेका सडक बालकको अवस्था देखाउने कार्य गरेका छन् । जघनेलाई काम दिने साहु उच्च वर्गको प्रतिनिधित्व गर्ने प्रजाति भए पनि उसको व्यवहार नराम्रो भने छैन । यसरी कथामा सडकलाई नै आफ्नो घर मानेर जीवन बिताउँदै आएका सडक बालबालिकालाई तल्लो तथा उपेक्षित प्रजातिका रूपमा चिनाइएको छ । कथामा माथिल्लो वर्ग वा प्रजातिको प्रतिनित्व गर्ने पात्र भने पाइँदैन तथापि

घर्ती साहिँलाको व्यवहार अत्यन्तै निकृष्ट भेटिएकाले उसको व्यवहारमा सामन्ती संस्कारको झल्को पाइन्छ । नामका आधारमा हेर्दा उच्च वर्ग वा प्रजातिको प्रतिनिधि पात्र नभए पनि क्रियाकलाप स्वार्थी हुनु तथा बालकप्रति सकारात्मक सोचाइ राख्न नसक्नुका कारण घर्ती साहिँलाको व्यवहारबाट माथिल्लो प्रजातिको व्यवहार प्रतिविम्बित हुन पुगेको छ ।

**'फुटपाथ मिनिस्टर्स' कथामा क्षण**

'फुटपाथ मिनिस्टर्स' कथामा २००७ सालभन्दा पछाडिको समयमा देखिएको काठमाडौँको अवस्थालाई क्षणका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा सडक बालबालिकाले भोग्नुपरेको अत्यन्तै दुःखद अवस्थालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । नेपाली समाजका घर्ती साहिँलाले बालकलाई घरबाट उठाएर ल्याई सडकमा छाडिदिएको कथा प्रसङ्गले समाजका जिम्मेवार मानिसहरू नै सडक बालबालिका बढाउने खेलमा लागेको सत्य थाहा पाइन्छ । सडक बालबालिकाको पनि आफ्नै रमाइलो दुनियाँ हुन्छ र उनीहरू आफूलाई आफ्नो क्षेत्रको शक्तिशाली सम्झन्छन् । कसैले आफ्नो क्षेत्रमा आएर आफ्नो समूहलाई प्रभाव पार्न खोज्यो भने त्यो उनीहरूका लागि सह्य हुँदैन भन्ने कुरा कथामा स्पष्ट पारिएको छ । तत्कालीन अवस्थामा सडकमा रहेका बालबालिकाप्रति सरकार पनि जिम्मेवार बन्न नसकेको तथा उनीहरूलाई आधारभूत आवश्यकता पुऱ्याउनका लागि सरकारको दृष्टि पुग्न नसकेको विषय कथामा आएको छ । अशिक्षा, अभाव तथा अव्यवस्थाको सिकार बनेका सडक बालबालिकाका माध्यमबाट तत्कालीन नेपालको क्षण देखाइएको छ । यस कथामा नेपाली समाजले परिवर्तन देख्न चाहेको तर तत्कालीन शासकले समाजलाई परिवर्तनको अवस्थासम्म पुऱ्याउन नसकेको विषय प्रस्तुत गर्दै तत्कालीन क्षणका बारेमा स्पष्ट पारिएको छ । मगन्ते केटाकेटीले पनि समाजमा स्थान पाउनुपर्छ र उनीहरूका इच्छा, आकाङ्क्षा आदि पूरा हुनुपर्छ भन्ने विषय कथामा आएको छ (अवस्थी, २०५५, पृ.९५–९६) । काठमाडौँ सहरको विकास भइसकेको थियो तर त्यहाँका मानिसको सडक बालबालिकाप्रतिको दृष्टिकोणमा परिवर्तन आउन सकेको थिएन भन्ने कुरालाई तलको कथांशबाट स्पष्ट पार्न खोजिएको छ :

> साँझपखको सडकको रमझम निकै थियो । अलकत्रा ठोकेको कालो सडकमा मोटर, बाइस्कल मोटर बाइस्कल, बस, लरी, रिक्सा चिप्लेझैँ सललल बगिरहेका थिए । दायाँबायाँ पेटीबाट अनेक अनेक रङ्गीबिरङ्गी लुगाकपडा लगाएका लोग्नेमानिस स्वानीमानिसको घुइँचो ओहोर र दोहोर गर्थे । अलि पर सिनेमा घरमा बजेको रिकर्डको गीतको स्वर, बसको हर्नको स्वर अनि साइकलको घण्टीको स्वरले त्यहाँको वायुमण्डललाई कोलाहलमय बनाइरहेको थियो । (नेपाली कथा भाग २, पृ.९७)

रमझमले भरिएको कालो तथा चिल्लो सडकमा प्रशस्त सवारीसाधन चलेका, सडक पेटीमा रङ्गीबिरङ्गी लुगा लगाएका मानिसको ओहोरदोहोर रहेको, केही पर सिनेमा घरमा गीत बजिरहेको तथा बसको हर्नका कारण वातावरण कोलाहलमय बन्न पुगेको प्रसङ्गलाई देखाएर काठमाडौँ सहरका रूपमा विकसित भइसकेको क्षण बुझाइएको छ । सहरका मानिसमा जतिसुकै सम्पन्नता पाइए पनि सडक बालबालिका भने थोत्रो दलानमा पशुकै सरह जीवन बिताउन बाध्य थिए भन्ने कुरालाई कथामा यसरी स्पष्ट पारिएको छ :

> साँढेको गोबर र गहुँतले मुछिएको ओडार जस्तो त्यस दलानमा टिकीको मण्डली एकै गुजुल्टो परेको थियो । सबैको माझमा टिकी थिई । गोरेले अब आफूलाई रोक्न सकेन । ऊ बिस्तारै पर्खालभित्र, त्यही घरको दलानतिर बढ्यो र उनीहरूभन्दा अलि पर, एउटा कुनामा गएर घुँडाभित्र मुन्टो घुसारेर बस्यो । ऊ त्यता जाँदा टिकीले मुन्टो उठाएर ऊतिर हेरेकी थिई । (नेपाली कथा भाग २, पृ.९९)

सडकलाई आफ्नो घर बनाएर अनिश्चित भविष्यको खोजी गरिरहेका सडक बालबालिका पशुवत् जीवन बिताउन बाध्य भएको तत्कालीन क्षण 'फुटपाथ मिनिस्टर्स' कथामा आएको छ । यस कथामा एकातर्फ चिसो मौसम देखाइएको छ भने अर्कातिर खान न पिउनको अवस्थामा सडकमा दिनरात बिताएका सडक बालबालिकाको कारुणिकता उनीहरूले भोगेको तात्कालिक क्षण र अवस्थाबाट स्पष्ट पार्दै सम्बन्धित निकायले उचित दृष्टि पुऱ्याउन नसकेकै कारण ती बालबालिकाको जीवन दयनीय बन्न पुगेको हो भन्ने कुरा पनि स्पष्ट पारिएको छ । यस कथामा सडक बालबालिका आफ्नो गुजरा गर्नका होटल तथा रेस्टुरेन्टमा श्रम बेच्न बाध्य भएको तत्कालीन क्षणको प्रस्तुति पाइन्छ :

> "काँ गएर आएको जघने ?... कहाँ थिइस् तँ ?" उसले जघनेको नजिकै गएर सोधी । जघनेले पहिले जस्तो उद्दण्डता देखाएन, उसले स्वभाविक र शिष्ट भने झैँ भाषामा जवाफ दियो । "म त होटेलमा काम गर्छु । आज त साहुसँग भनेर सिनेमा हेर्न आएको । यो लुगा पनि साहूले हालिदिएको । .... महिनाको दस रुपियाँ दिन्छ, खान पनि दिन्छ । अनि चिया खान आउनेले पनि कसैले पाँच पैसा दिन्छन्, कसैले दुई पैसा । .... समोसा, चप पनि खान पाइन्छ ।" "समोसा ? ... त्यो कस्तो हुन्छ जघने ?" भोटे उत्सुक भएर सोध्न आयो । "त्यसलाई कति पैसा लिन्छ ?" (नेपाली कथा भाग २, पृ.१०३)

'फुटपाथ मिनिस्टर्स' कथाको माथिको कथांशमा सडक बालक जघनेले होटलमा काम गरेर आफ्नो गुजरा चलाउन थालेको र साहुसँग अनुमति मागेर आफू त्यहाँ साथीलाई भेट्न आएको कुरा बताएको छ । उसले होटलमा काम गर्ने र होटलमा विभिन्न कुरा खान पाइने अनि होटलमा आउने मानिसले पनि धेरथोर पैसा उसलाई दिने गरेको कुरा बताएको छ । जघने र ऊ जस्ता सयौँ बालबालिका होटलमा श्रम गरेर जीवन बिताइरेका छन् र यसप्रति सम्बन्धित निकायले चासो पुऱ्याउन नसकेको तात्कालिक क्षण यस कथामा आएको छ । होटलमा पाइने खानेकुराप्रति सडक बालबालिकाको पहुँच पुग्न नसकेको सन्दर्भ पनि माथिको कथांशले स्पष्ट पारेको छ । यस कथामा गोरे सडकमा आउनु र उसको सडकमा रहेका बालबालिकासँग भेट हुनु, गोरेको जघनेसँग विवाद बढ्दै जानु, केही महिना जघने हराउनु तथा छ महिनापछि गोरे आफ्नै ठाउँमा फर्किएर आउनुसम्मको अवधि हेर्दा मोटामोटी यस कथामा दुई साढे दुई वर्षसम्मको क्षण आएको छ । नेपाली समाजमा रहेको आर्थिक असमानता र त्यसैका कारणबाट सडकमा देखिएका सडक बालबालिकाका माध्यमबाट नेपाली समाजको त्यति वेलाको क्षण स्पष्ट पार्ने कार्य कथामा गरिएको छ ।

## 'फुटपाथ मिनिस्टर्स' कथामा पर्यावरण

प्रस्तुत 'फुटपाथ मिनिस्टर्स' कथामा काठमाडौँको स्थानीय परिवेशलाई उतारेर नेपाली समाजमा विद्यमान सामाजिक र आर्थिक विषमता प्रस्तुत गरिएको छ । यस कथामा रानीपोखरी, त्यस आसपासको सडक, सडक बालबालिका बस्ने पर्खालभित्रको सेतो घरको दलान आदि स्थान पर्यावरणका रूपमा आएका छन् । यस कथामा घटेका घटनाहरूका आधारमा दुई अढाई वर्षको समय पर्यावरणका रूपमा आएको छ । यस कथामा बाबुआमाको मृत्यु भएपछि टुहुरा बनेका बालबालिकालाई समाजका सामन्तहरूले लखेट्ने गरेको मार्मिक पक्ष पनि पर्यावरण बनाएर प्रस्तुत गरिएको छ । यस कथामा सिनेमा घरमा चर्को स्वरमा गीतको आवाज आइरहेको सङ्केत कथामा गरिएकाले नेपालमा भर्खरै मात्र सिनेमा क्षेत्रको विकास भएको तत्कालीन पर्यावरणका बारेमा जानकारी गराइएको पाइन्छ :

> साँझपखको सडकको रमझम निकै थियो । अलकत्रा ठोकेको कालो सडकमा मोटर, बाइस्कल मोटर बाइस्कल, बस, लरी, रिक्सा चिप्ले झैँ सललल बगिरहेका थिए । दायाँबायाँ पेटीबाट अनेक अनेक रङ्गीबिरङ्गी लुगाकपडा लगाएका लोग्नेमानिस स्वानीमानिसको घुइँचो ओहोर र दोहोर गर्थे । अलि पर सिनेमा घरमा बजेको रिकर्डको गीतको स्वर, बंसको हर्नको स्वर अनि साइकलको घण्टीको स्वरले त्यहाँको वायुमण्डललाई कोलाहलमय बनाइरहेको थियो । (नेपाली कथा भाग २, पृ.९७)

माथिको कथांशमा काठमाडौँ सहरको रमझम पर्यावरणको चित्रण गरिएको छ र त्यहाँ विभिन्न सवारी साधन चिल्ला सडकमा दौडिएका छन् भने अर्कातिर सिनेमा हलमा गीत बजिरहेको छ अनि जतातते मानिसको घुइँचो छ भन्ने यी सबै कुराले तत्कालीन पर्यावरणका बारेमा सूचना दिएका छन् । यस्तो सहरको कोलाहलमा पनि गोरेले आफूलाई एक्लो अनुभव गरेको छ । बाहिरी वातावरणमा जतिसुकै चमक भए पनि मानसिक शन्ति छैन भने मानिसले कुनै ठाउँमा पनि आनन्द लिन सक्दैन भन्ने कुरा यस कथामा स्पष्ट पारिएको छ । यस्तै यस कथामा कथाकारले प्राकृतिक पर्यावरणका आधारमा पनि पात्रको मानसिकता केलाउने कार्य गरेका छन् ।

> पिच पोतेको कालो सडकमा जूनको जुनेली पोखिएर परसम्म टल्किरहेको छ । टाढा टाढा भुस्याहा कुकुर भुकेको ह्वाङह्वाङ आवाजले कहिलेकाहीँ त्यो रात्रीको नीरवतालाई चिरिदिन्छ । कहिलेकहीँ त्यसमा रेडियोको गीत र मोटरको हर्न मिलेर एउटा विचित्रता प्रकट गरिदिन्छ । (नेपाली कथा भाग २, पृ.१०४–१०५)

माथिको कथांशका आधारमा प्राकृतिक तथा सामाजिक पर्यावरणसँग सम्बन्धित बनाएर पात्रको मानसिकता विश्लेषण गरिएको छ । कथामा आएको यस्तो पर्यावरणका आधारमा तत्कालीन नेपालको विकासको अवस्था अनि सहरिया रमझम प्रस्तुत गरिएको छ ।

> अब त घाम पनि अस्ताउनै लागेको थियो । सूर्यको लाल किरण अगाडिपट्टिको रानीपोखरीको धमिलो पानीमा मानौँ रगत पोखिरहेको थियो । सोझै पूर्वपट्टिको घण्टाघर पनि सिन्दूरमा मुछिएको झैँ लाग्दथ्यो । अनि पोखरीको पानीको तरङ्गसँग खेल्ने त्यसको र सरस्वती सदन, अनि दक्षिणपट्टिको तीन जना मानिससहितको ढुङ्गाको हात्तीको छाया,

> अनि पोखरीका बिचमा देवलको छाया- यी सबै कस्ता कस्ता उदासीन झैँ लाग्दथे । (नेपाली कथा भाग २, पृ.९८)

माथिको कथांशमा काठमाडौँको रानीपोखरी क्षेत्रको सन्ध्याकालीन मनमोहक अवस्थाको चित्रण गरिएको भए पनि गाउँबाट भर्खरै सहरमा आएको र आफ्नो कुनै पनि गन्तव्य नभएको गोरेको मानसिकतामा त्यसले कुनै प्रभाव जमाउन नसकेको सन्दर्भ देखाइएको छ । मानिसलाई प्राकृतिक वा कृत्रिम सौन्दर्यले आकर्षित गर्नका लागि पनि उसको मानसिकता शीतल हुनुपर्छ भन्ने कुरालाई स्पष्ट पार्नका लागि माथिको कथांश आएको छ ।

> "साले चिप्रे, त्यसरी भन्ने हो त ..... ! त्यसरी पो भन्दो रहेछ ।" - एक्कासि उनीहरूमध्येकै एउटा उद्धण्ड खालको केटोले त्यो कराउने चाहिँ केटाको गालामा एकथप्पड जडेर भन्यो । "बाबुलाई चोभारमा काटे, आमा पोइल गई, ए हजुर भोक लाग्यो, लौन हजुर भोक लाग्यो ।" "जा, तेरो गोरे बोला, लौजा रन्डी, जा ।"(नेपाली कथा भाग २, पृ.९८)

माथिको कथांशमा सडक बालबालिकाले प्रयोग गरेको भाषालाई हेर्दा उनीहरू एकअर्कालाई सम्मान आदर गर्नुको साटो उल्टो उपेक्षा गर्ने अनि अभद्रता प्रस्तुत गरेका छन् । यति मात्र होइन कि उनीहरूले समाजमा सजिलै नपच्ने खालका शब्दावलीको चयन गरेको पाइन्छ । वास्तवमा सडकमा बसेका कसैको नियन्त्रणमा नरहेका बालबालिकाको भाषिक प्रयोगले समेत समाजमा नकारात्मक प्रभाव पारेको कुरा यस कथामा जनाइएको छ । सडक बालबालिकाको भाषिक पर्यावरण पनि राम्रो नभएको कुरा यस कथामा देखाइएको छ ।

कथामा माग्ने बालकलाई पाँच पैसे ढ्याक दिनु र पाँच पैसा पाएर माग्ने हर्षित हुनुबाट पाँच पैसाको महत्त्व तत्कालीन अवस्था निकै नै रहेको विषय जानकारी पाउन सकिन्छ । गोरेले लगाएको अर्धानु कमिज र सानो छोटो कट्टुले गरिबीलाई सङ्केत गरेको छ । साँढेको वासस्थानका रूपमा रहेको सेतो घरको दलानमा गल्लीका कुकुर झैँ गुडुलिएर बालबालिकाले जीवन बिताउनुपरेको प्रसङ्गले सडक बालबालिकाको जीवन कसरी बितेको छ भन्ने कुरा स्पष्ट पारेको छ । सडकमा ठाँटिएर हिँडेका युवायुवतीलाई देखाएर उच्च सम्भ्रान्त वर्गको परिचय दिइएको छ । त्यस्तै यस कथामा काठमाडौँको सहरिया पर्यावरणका माध्यमबाट सडक बालबालिकाको दयनीय र कारुणिक अवस्थाको चित्रण गरिएको छ ।

## निष्कर्ष

'फुटपाथ मिनिस्टर्स' कथामा सामाजिक तथा आर्थिक विषमताका कारण सडकमा जीवन व्यतीत गरिरहेका बालबालिकाहरूको कारुणिक जीवनको चित्रण गरी त्यस्ता सडक बालकहरूप्रति अनुत्तरदायी अभिभावक र सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य प्रहार गर्ने कार्य क्षणका माध्यमबाट गरिएको छ । यस कथामा एकातिर सडक बालकालिकालाई प्राजातिका रूपमा प्रस्तुत गरिएको छ भने अर्कातिर ती प्रजातिका रूपमा उपस्थित सडक बालबालिकाको कारुणिक जीवनलाई प्रस्तुत गरिएको छ । यस कथामा सडकमा मागेर जीवन गुजार्ने प्रजातिका रूपमा आएका बालबालिकाहरू यौवनावस्थामा पुगेपछि कसरी एकअर्काप्रति आकर्षित हुन्छन् भन्ने देखाई किशोरावस्थाका जघने, गोरे र टिकी जस्ता पात्रमा अङ्कुरित रतिरागलाई प्रस्तुत गरिएको छ । बाबुआमा गुमाएर टुहुरा बन्न पुगेका बालबालिकालाई समाजले उपेक्षित गरेको मार्मिक पक्ष यस कथामा आएको छ । सडकमै जन्मिएर सडकको पेटीलाई घर बनाई दुईचार पैसा मागेर आफ्नो जीवन यापन गर्न खोज्ने सडक बालबालिकहरूको समूह यत्रतत्र पाइए पनि सामाजिक र प्रशासनिक व्यवस्थाले उनीहरूका लागि खासै उल्लेख्य सुरक्षा दिन सकेको छैन भन्ने कुरा पनि यस कथामा आएको छ । मागेर जीवन व्यतीत गर्दै गल्लीका कुकुर र साँढेसित गुडुलिएर सुत्ने सडक बालबालिकको जीवन अनि गोरेबाट पराजित भई आफ्नी बालप्रेमिका टिकीलाई गुमाउँदा जघनेमा देखिएको कारुणिक अवस्था यस कथामा आएको छ । यस कथाले जघने र गोरेको लडाइँ, जघने र टिकीको बिछोड अनि गोरे र टिकीको बिछोड जस्ता घटना चित्रण गरी पाठकका मनमा करुण भाव जागृत गराएको छ । यस कथामा सडक बालबालिकको आर्थिक तथा मानसिक अवस्थाको चित्रण गरी त्यसलाई यथार्थ रूपमा उतार्ने काम गरिएको छ । क्षणका कारण सृजित सामाजिक विषमताका तहहरू केलाएर पाठकलाई भावविह्वल बनाउँदै प्रजातिका रूपमा आएका सडक बालक जन्मने कारण पत्ता लगाएर त्यसको निराकरण गर्नु पर्ने सन्देश यस कथाले दिएको छ । यस कथामा प्रजातिका रूपमा आएका सडक बालबालिकाले पनि हामो समाजमा समान व्यवहार पाउनुपर्छ भन्ने प्रगतिवादी चिन्तन प्रस्तुत भएको छ । सामाजिक तथा आर्थिक विषमताका कारण बालबालिका सडक बालबालिका बढ्दै गएको अनि सामाजिक र आर्थिक विषमताको अन्त्यबाट नै सबै मानिसले समान अवसर पाउन सक्छन् भन्ने कुरा यस कथामा आएको पर्यावरणका माध्यमबाट स्पष्ट पारिएको छ । नेपाली समाजको विषमतामूलक संरचना र आर्थिक असमानतालाई पर्यावरणका रूपमा चित्रण गर्दै प्रजातिका रूपमा आएका सडक बालबालिकाले भोगेको तात्कालिक क्षणका आधारमा समाजको अवस्था केलाउने कार्य यस कथामा गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव (२०५५). *नेपाली कथा भाग २.* ललितपुर : साझा प्रकाशन

क्षेत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका उपन्यासहरू.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. ।

गुप्ता, बी.डी. (सन् १९८२). *साहित्यका समाजशास्त्र.* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना अनेक रूप अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

घिमिरे, मुकुन्द (२०५८). *गुरुप्रसाद मैनालीका कथा : छोटो परिचय.* गरिमा. २० (४), ५७-६१ ।

त्रिपाठी, वासुदेव. (२०३६). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* दो.सं., ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मेनेजर (सन् १९८९). *साहित्य के समाजशास्त्र की भूमिका.* हरियाणा : हरियाणा साहित्य अकादमी ।

लरेन्सन, डायना र सिङउड, (सन् १९७२). *द सोसियोलोजी अपल लिट्रेचर.* लन्डन : ग्रान्डा पब्लिसिङ लिमिटेड ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सचदेव, डी. आर. ( सन् १९७९). *समाजशास्त्र के सिद्धान्त.* इलाहाबाद : किताब महल ।

श्रेष्ठ, चन्द्रमान (२०७१). *पारिजातका उपन्यासको समाजशास्त्र.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी डीन कार्यालय. त्रि.वि.. कीर्तिपुर ।